# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ काठमाडौँ।

## शुद्ध पिउने पानी (जारको मिनरल वाटर) आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना

**प्रकाशित मिति : २०८१।०७।२३ गते**

**सूचना नं. सा.प्र. ५/०८१/०८२**

यस संस्थानलाई आ.व. ०८१/०८२ का लागि प्रति दिन २० देखि २५ जारसम्म शुद्ध पिउने पानी (जारको मिनरल वाटर) आवश्यक परेकोले उक्त मिनरल वाटर सप्लाई गर्न इच्छुक व्यक्ति वा कम्पनीहरूबाट प्रति जार के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ प्रस्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले १५औँ दिनभित्र रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**सिलबन्दी दरभाउपत्रका सर्तहरू**

१. सिलबन्दी दरभाउपत्र फाराम रु.१,०००।- (फिर्ता नहुने गरी) तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फराम भरी पेस गरेको सिलबन्दी दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ।

२. दरभाउपत्र दाता भ्याट तथा प्यानमा दर्ता भएको, सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको इजाजत पत्र, कर चुक्ताको प्रमाणपत्र र कम्पनी प्रमुखको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित सिलबन्दी दरभाउपत्र फारामा सहीछाप गरी लाहाछाप लगाई पेस गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी खाम बाहिर शुद्ध पिउने पानी (जारको मिनरल वाटर) आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र भनी प्रस्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र दाताले रु. ८,१००।- (आठ हजार एक सय) रकम धरौटी बापत संस्थानको ने.बैं.लि. काठमाडौँ अफिसस्थित चल्ती खाता नं.००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको कम्तीमा १२० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

५. यो सूचना प्रकाशित भएको मितिले १६औँ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ। प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे संस्थान भवनमा खोलिने छ, यदि उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन।

६. सिलबन्दी दरभाउपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

७. माथि जुनसुकै कुरा लेखिएको भएता पनि दरभाउपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि प्रस्ताव आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ।

८. स्वीकृत दरभाउपत्र दाताले प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्य सम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ। उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ।

९. आफूले उल्लेख गरेको मासिक वा वार्षिक रकम भ्याट बाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ। उक्त सम्बन्धमा उल्लेख नभएमा उल्लिखित रकम भ्याट बाहेक भनी बुझिनेछ।

१०. हरेक दिन संस्थानमा ११.०० बजेभित्र पानी आपूर्ति गरिसक्नुपर्नेछ। साथै संस्थानका हरेक विभाग तथा शाखाहरूमा आपूर्ति कर्ताले नै पानी पुर्‍याउनुपर्नेछ।

११. स्वीकृत सिलबन्दी दरभाउपत्र दाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा नदिएमा संस्थानले सम्झौता तोडी धरौटी रकम जफत गर्नेछ।

१२. यसमा नपरेका अन्य कुरा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछन्।

**सामान्य प्रशासन शाखा**

**गोरखापत्र संस्थान**

**फोन नं. ५३२३०७८, ५३२६५६४**